राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ७७ २०८३ असोज १९ गते सोमवार (05 Oct. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## ‘सरकार पाँचै वर्ष चल्छ’

### रास्वपा सभापति लामिछानेको दाबी- आन्दोलनबाट सरकार ढाल्नेतिर नलागौं, निर्वाचनबाट लोकतन्त्र बलियो बनाऔं




दैनिक समाचारदाता

काठमाडौं १८ असोज । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले वर्तमान सरकार पूरा कार्यकाल सञ्चालन हुने दाबी गर्नुभएको छ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोहलाई आइतबार भृकुटीमण्डपमा सम्बोधन गर्दै लामिछानेले पछिल्लो समय ‘सरकार ढल्छ’ भन्ने चर्चा सुनिए पनि सरकार नढल्ने बताउनुभयो। बरु सरकार ढल्ने अनुमान गर्नेहरू नै सरकार नढलेपछि निराश भएर ढल्ने उहाँको टिप्पणी थियो।

“सरकार अहिले ढल्छ, भोलि ढल्छ, दसैँमा ढल्छ, तिहारमा ढल्छ, छठमा ढल्छ कि भनेको सुन्छु,” उहाँले भन्नुभयो, “ढल्न त ढल्छ, तर यो सरकार नढलेको देखेर भन्ने मान्छे चाहिँ बेहोस भएर ढल्छ। सरकार विल्कुल ढल्दैन। पाँचै

बाँकी पृष्ठ ३मा

## जनकपुरमा एकतर्फी यातायात

### रामानन्द चोक-जनक चोक एकतर्फी, पिडारी चोक-मिल्सेरिया चोकमा एक साइड पार्किङ

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असोज । जनकपुरधामको मुख्य बजार क्षेत्रमा बढ्दो सवारी चाप व्यवस्थापन गर्न एकतर्फी यातायात सञ्चालनसँगै एक साइड पार्किङ व्यवस्था लागू गरिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार रामानन्द चोकदेखि जनक चोकसम्म एकतर्फी यातायात सञ्चालन गरिएको छ। यस्तै, पिडारी चोकदेखि मिल्सेरिया चोकसम्म एक साइड पार्किङको व्यवस्था गरिएको छ।

मुख्य बजार क्षेत्रमा अव्यवस्थित पार्किङका कारण हुने सवारी जाम र आवागमनमा देखिएको समस्या न्यूनीकरण गर्ने उद्देश्यले नयाँ व्यवस्था लागू गरिएको ट्राफिक प्रहरीले जनाएको छ।

व्यवस्थाअनुसार सवारी चालक तथा व्यवसायीले सडकमा जथाभावी सवारी पार्किङ गर्न नपाउने र तोकिएको



स्थानमा मात्रै पार्किङ गर्नुपर्नेछ। सडक तथा फुटपाथ अवरुद्ध हुने गरी सवारी पार्किङ गरेमा आवागमनमा थप समस्या हुने भएकाले नियमको पालना गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले एकतर्फी यातायात र पार्किङ व्यवस्थालाई प्रभावकारी बनाउन चालक, व्यवसायी तथा सर्वसाधारणको सहयोग आवश्यक रहेको बताउनुभयो।

उहाँका अनुसार सडकमा जथाभावी पार्किङ गर्दा सवारी आवागमन प्रभावित हुनुका साथै पैदलयात्रीलाई समेत समस्या हुने गरेको छ। त्यसैले एकतर्फी सडकको नियम पालना गर्न र तोकिएको स्थानमा मात्रै सवारी पार्किङ गर्न उहाँले आग्रह गर्नुभयो।

“व्यवस्थित यातायातका लागि ट्राफिक प्रहरीले मात्रै प्रयास गरेर सम्भव हुँदैन । चालक, व्यवसायी र सर्वसाधारण सबैले नियमको पालना र सहयोग गरे मात्रै जनकपुरधामको यातायात व्यवस्थापन प्रभावकारी बन्न सक्छ,” प्रहरी निरीक्षक दाहालले भन्नुभयो।

बाँकी पृष्ठ ३मा

## कुटपिट आरोपमा जाहेरी, पक्राउ नभएको गुनासो



दैनिक समाचारदाता

जनकपुरधाम, १८ असोज । धनुषाको कमला नगरपालिका(७ हथमुण्डामा जग्गा विवादलाई लिएर बाबुछोरामाथि कुटपिट भएको भन्दै जाहेरी दर्ता भए पनि आरोपितहरूलाई प्रहरीले पक्राउ नगरेको पीडित पक्षले गुनासो गरेको छ।

पीडित शिवकुमार कौशलले आइतबार पत्रकार सम्मेलन गरी उनका छोरा चन्द्रिका कौशललाई स्थानीय नवीनकुमार महतो, रुपेशकुमार महतो र धर्मेन्द्रकुमार महतोले निर्घात कुटपिट गरेको आरोप लगाए । कुटपिटबाट चन्द्रिकाको शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको र उपचारपछि पनि स्वास्थ्य

बाँकी पृष्ठ ४मा

## धनुषा रेडक्रसमा ११९ युनिट रगत

### ‘ओ’ पोजेटिभको मौज्दात बढी, नियमित रक्तदान गर्न रेडक्रसको आग्रह

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असोज । नेपाल रेडक्रस सोसाइटी धनुषा शाखामा हाल विभिन्न रक्त समूहका गरी ११९ युनिट रगत मौज्दात रहेको छ ।शाखाले सार्वजनिक गरेको असोज १८ गते आइतबारको रक्त भण्डार विवरणअनुसार ‘ए’ पोजेटिभ २ युनिट, ‘बी’ पोजेटिभ ३७ युनिट, ‘ओ’ पोजेटिभ ६१ युनिट, ‘एबी’ पोजेटिभ १ युनिट, ‘ओ’ नेगेटिभ १ युनिट र ‘एबी’ नेगेटिभ २ युनिट रगत भण्डारणमा रहेको छ ।

मौज्दातमध्ये ‘ओ’ पोजेटिभ समूहको रगत सबैभन्दा बढी रहेको छ भने ‘एबी’ पोजेटिभ र ‘ओ’ नेगेटिभको मौज्दात न्यून छ ।

विभिन्न स्वास्थ्य संस्थामा उपचाररत बिरामी तथा




आकस्मिक अवस्थाका बिरामीका लागि रगतको माग बढिरहेकाले नियमित रक्तदान आवश्यक रहेको रेडक्रस धनुषाले जनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका सभापति पंकजकुमार महतोले रक्तदानलाई नियमित सामाजिक जिम्मेवारीका रूपमा अघि बढाउनुपर्ने बताए । रगत कृत्रिम रूपमा उत्पादन गर्न नसकिने भएकाले बिरामीको जीवन बचाउन स्वस्थ व्यक्तिले समय(समयमा रक्तदान गर्नुपर्नेमा उनले जोड दिए । आपत्कालीन अवस्थामा रगतको अभाव हुन नदिन रक्तदान अभियानलाई निरन्तरता दिन आवश्यक रहेको महतोले बताए । उनले युवालगायत सबै स्वस्थ नागरिकलाई रक्तदानमा सहभागी हुन आग्रह गर्दै एक युनिट रगतले पनि कसैको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताए ।

रेडक्रस धनुषाले आवश्यक परेका बिरामीलाई रक्त सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । शाखाले स्वस्थ तथा रक्तदान गर्न इच्छुक नागरिकलाई नियमित रक्तदान गर्न आह्वान गर्दै ‘रक्तदान गरौं, जीवन बचाऔं’ भन्ने सन्देशसहित मानवीय सेवामा योगदान गर्न आग्रह गरेको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सल्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# चाडपर्वमा सुरक्षा

दशैं, तिहार र छठ नेपाली समाजका प्रमुख चाड हुन्। यी पर्वले पारिवारिक मिलन, सामाजिक सद्भाव र सांस्कृतिक एकताको सन्देश बोकेका हुन्छन्। तर चाडपर्वको समयमा मानिसको आवतजावत र आर्थिक कारोबार बढ्ने भएकाले चोरी, ठगी, लुटपाट, सवारी दुर्घटना, लागुऔषध कारोबार तथा अन्य आपराधिक गतिविधिको जोखिम पनि बढ्ने गर्छ। त्यसैले पर्वको उल्लाससँगै सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनु राज्यको प्रमुख दायित्व हो।

धनुषामा चाडपर्वलाई लक्षित गरी एक हजार २ सय ११ प्रहरी परिचालन गर्ने जिल्ला प्रहरी कार्यालयको तयारी सकारात्मक छ। संवेदनशील ७० स्थानमा पिकेट टोली, ४६ पैदल गस्ती टोली, बजार अनुगमनका लागि सात टोली, विपद् प्रतिकार्यका लागि १५ टोली तथा मोबाइल टोली परिचालन गर्ने योजना बनाइनु सुरक्षा चुनौतीलाई गम्भीरतापूर्वक लिइएको संकेत हो। लामो दूरीका सवारीसाधनको जाँच, लालगढमा विश्राम केन्द्र तथा नियमित सवारी जाँचलाई प्रभावकारी बनाउने तयारीले यात्रुको सुरक्षामा समेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

तर सुरक्षा योजना कागजमा सीमित भएर मात्र हुँदैन। चाडपर्वमा भीडभाड हुने बजार, मन्दिर, सार्वजनिक स्थल, राजमार्ग, सीमा क्षेत्र तथा वित्तीय कारोबार हुने स्थानमा प्रहरीको उपस्थिति देखिने मात्र होइन, प्रभावकारी पनि हुनुपर्छ। विशेषगरी बैंक तथा वित्तीय संस्था, सुनचाँदी पसल र मोटरसाइकल चोरीको सम्भावित जोखिमलाई प्रहरीले प्राथमिकतामा राख्नु आवश्यक छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रणसँगै यात्रु तथा सर्वसाधारणलाई अनावश्यक दुःख नदिने गरी सुरक्षा जाँच सञ्चालन गर्नुपर्छ।

धनुषा प्रहरीले पछिल्लो अवधिमा ठूलो संख्यामा मुद्दा फछ्र्यौट गरेको, फरार प्रतिवादी पक्राउ गरेको तथा लागुऔषध र अवैध सामान बरामद गरेको विवरण पनि सार्वजनिक गरेको छ। यसले प्रहरीको सक्रियता देखाउँछ। तर घरेलु हिंसा र सामाजिक हिंसासम्बन्धी सयौँ उजुरी पर्नुले सुरक्षा चुनौती सडक र बजारमा मात्र नभई घरपरिवार र समुदायभित्र पनि रहेको स्पष्ट गर्छ। यस्ता घटनाको दीर्घकालीन समाधानका लागि प्रहरी कारबाहीसँगै सामाजिक सचेतना, पीडितको संरक्षण र न्यायमा सहज पहुँच आवश्यक छ। चाडपर्वको सुरक्षा प्रहरीको मात्र जिम्मेवारी होइन। स्थानीय तह, प्रशासन, यातायात व्यवसायी, बजार व्यवस्थापन समिति, उद्योगी-व्यवसायी र नागरिक सबैको सहकार्य आवश्यक हुन्छ। नागरिकले पनि शंकास्पद गतिविधिको सूचना प्रहरीलाई दिने, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, भीडभाडमा सावधानी अपनाउने र सामाजिक सद्भाव कायम राख्ने जिम्मेवारी पूरा गर्नुपर्छ।पर्वको सफलता केवल ठूलो भीड, किनमेल वा रमाइलोमा होइन, सबै नागरिक सुरक्षित भएर घर फर्कन सक्नुमा निहित हुन्छ। त्यसैले धनुषा प्रहरीले तयार पारेको सुरक्षा योजना प्रभावकारी कार्यान्वयन गर्दै चाडपर्वलाई भयमुक्त, सुरक्षित र मर्यादित बनाउनुपर्छ। सुरक्षा व्यवस्थामा कमजोरी देखिएपछि प्रतिक्रिया जनाउनेभन्दा जोखिम पहिचान गरी समयमै रोकथाम गर्ने प्रहरी कार्यशैली आजको आवश्यकता हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्भने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# विघटनको यात्रामा व्यक्तिवादी रोमाञ्च



डीबी सर्वश्रेष्ठ

राजनीति केवल पदको खेल होइन, विचारको सङ्घर्ष हो। सङ्गठन केवल मानिसहरूको जमघट होइन, निश्चित राजनीतिक उद्देश्य, कार्यक्रम, अनुशासन र वर्गीय दृष्टिमा सङ्गठित शक्ति हो। र, कम्युनिस्ट आन्दोलन कुनै व्यक्तिको निजी प्रतिष्ठा निर्माण गर्ने मञ्च होइन, यो श्रमिक वर्ग र उत्पीडित जनसमुदायको मुक्ति, सामाजिक रूपान्तरण र शोषणमुक्त समाज निर्माणको ऐतिहासिक परियोजना हो।

त्यसैले कम्युनिस्ट आन्दोलनभित्र उठ्ने प्रत्येक राजनीतिक प्रश्नलाई यही आधारबाट हेर्नुपर्छ। जब विचारको ठाउँ व्यक्तिले लिन थाल्छ, जब सामूहिक निर्णयको ठाउँ व्यक्तिगत दाबीले लिन थाल्छ, जब सङ्गठनको ठाउँ गुटले लिन थाल्छ र जब वर्गीय उद्देश्यको ठाउँ पद-प्रतिष्ठाले लिन थाल्छ, त्यहाँ सङ्कट केवल नेतृत्वको सङ्कट रहँदैन, त्यो सङ्गठनको वैचारिक चरित्रमाथिको सङ्कट बन्छ। यही सङ्कटको गहिरो रूप हो- विघटनको यात्रामा व्यक्तिवादी रोमाञ्च।

व्यक्तिवाद एकैपटक सङ्गठनमा प्रवेश गर्दैन। त्यो सुरुमा सानो राजनीतिक आग्रहका रूपमा आउँछ- "मेरो विचार, मेरो निर्णय, मेरो लाइन, मेरो समूह।" त्यसपछि व्यक्ति आफ्नो विचारलाई सङ्गठनको विचारसँग बराबर ठान्न थाल्छ। आलोचना हुँदा उसले विचारको प्रतिवाद गर्दैन, आलोचकको राजनीतिक नियत खोज्न थाल्छ। असहमति बढेपछि बहसको ठाउँ प्रचारले लिन्छ। आफ्नै दाबीलाई पटक-पटक दोहोऱ्याइन्छ। एउटै निष्कर्षलाई विभिन्न भाषामा प्रस्तुत गरिन्छ र अन्ततः त्यसको पुनरावृत्तिलाई नै राजनीतिक सत्यको प्रमाण बनाउने प्रयास गरिन्छ। तर मार्क्सवादी पद्धतिले हामीलाई सिकाएको कुरा ठीक उल्टो हो- सत्य कुनै व्यक्तिको दाबीबाट होइन, वस्तुगत यथार्थ, वर्गीय विश्लेषण र राजनीतिक व्यवहारको परीक्षणबाट स्थापित हुन्छ।

यहींबाट अवसरवाद र व्यक्तिवादबीचको सम्बन्ध बुझ्नुपर्छ। अवसरवाद सधैं सिद्धान्तको खुला अस्वीकारबाट आउँदैन, कहिलेकाहीं उसले सिद्धान्तकै भाषा बोल्दै सिद्धान्तको सारलाई खाली गराउँछ। घोषणापत्रको उद्धरण हुन्छ, मार्क्सको नाम हुन्छ, लेनिनको तस्बिर हुन्छ, क्रान्तिका नारा हुन्छन्, तर व्यवहारमा राजनीतिक केन्द्र हुन्छ- व्यक्तिगत प्रभाव, पद, प्रतिष्ठा र आफ्नो गुटको संरक्षण। यो स्थितिमा मार्क्सवाद विचारको मार्गदर्शक सिद्धान्त रहँदैन, वैधता प्राप्त गर्ने भाषिक आवरण बन्छ। यही कारण लेनिनवादी दृष्टिले केवल घोषणाको होइन, राजनीतिक व्यवहारको परीक्षणलाई महत्त्व दिन्छ।

नेपालको समसामयिक राजनीतिमा यो प्रश्न अझ गम्भीर छ। नेपाली समाजमा कम्युनिस्ट विचारले लामो समयदेखि प्रभाव राख्दै आएको छ। श्रमिक, किसान, गरिब, उत्पीडित समुदाय, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता र असमानताका प्रश्नलाई राजनीतिक बहसको केन्द्रमा ल्याउन कम्युनिस्ट धारहरूको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। तर आज प्रश्न उठ्छ- त्यो राजनीतिक विरासतलाई हामी कुन दिशामा लैजाँदैछौं? जनताको दैनिक जीवनका प्रश्नसँग सङ्गठनको सम्बन्ध कति गहिरो छ? उत्पादन, रोजगारी, श्रम, शिक्षा, स्वास्थ्य, महँगी, कृषि, वैदेशिक पलायन र भ्रष्टाचारका प्रश्नमा राजनीतिक कार्यक्रम कहाँ छ? वा हाम्रो राजनीतिक ऊर्जा मुख्यतः नेतृत्वको आन्तरिक प्रतिस्पर्धा, गुटगत समीकरण र सामाजिक सञ्जालको प्रचारमा सीमित हुँदैछ?

संसदीय राजनीति, निर्वाचन र सत्ता समीकरण आधुनिक नेपाली राजनीतिको वास्तविकता हुन्। तिनलाई अस्वीकार गरेर राजनीति बुझ्न सकिँदैन। तर कम्युनिस्ट आन्दोलनको मूल्याङ्कन सत्ता समीकरणले मात्र गर्न सकिँदैन। सरकारमा पुग्नु र समाज बदल्ने राजनीतिक दिशा निर्माण गर्नु एउटै कुरा होइन। चुनाव जित्नु र वर्गीय चेतना निर्माण गर्नु एउटै कुरा होइन। गठबन्धन बनाउनु र दीर्घकालीन राजनीतिक एकता निर्माण गर्नु एउटै कुरा होइन। सामाजिक सञ्जालमा लोकप्रिय हुनु र जनताको सङ्गठित राजनीतिक शक्ति निर्माण गर्नु पनि एउटै कुरा होइन।

यही भिन्नता हराउन थालेपछि व्यक्तिवादी राजनीति फस्टाउँछ।

आज एउटा वक्तव्य केही मिनेटमै हजारौं मानिससम्म पुग्न सक्छ। एउटा पोस्ट, एउटा भिडियो वा एउटा भाषणले राजनीतिक ध्रुवीकरण पैदा गर्न सक्छ। तर क्रान्तिकारी सङ्गठन पोस्टको गतिमा निर्माण हुँदैन। सङ्गठन जनताको बीचमा निर्माण हुन्छ। वर्गसङ्घर्षको वास्तविक अनुभवमा निर्माण हुन्छ। श्रम, उत्पादन, सङ्गठन, अनुशासन र राजनीतिक शिक्षाबाट निर्माण हुन्छ। सामाजिक सञ्जालले आवाजलाई ठूलो बनाउन सक्छ, तर त्यसले स्वतः राजनीतिक चेतना निर्माण गर्दैन। प्रचारले व्यक्तिलाई चर्चित बनाउन सक्छ, तर त्यसले स्वतः क्रान्तिकारी नेतृत्व निर्माण गर्दैन।

प्रचार राजनीतिक कामको साधन हो, राजनीतिक कामको विकल्प होइन।

यही कारण एउटै विषयलाई पटक-पटक सही साबित गर्न खोज्ने प्रवृत्तिमाथि प्रश्न उठाउनुपर्छ। कुनै निर्णय सही हो भने त्यसको राजनीतिक तर्क प्रस्तुत गर्नुपर्छ। सङ्गठनात्मक प्रक्रिया सही हो भने त्यसको वैधानिक र सामूहिक आधार देखाउनुपर्छ। कुनै राजनीतिक लाइन सही हो भने त्यसको वर्गीय अन्तर्वस्तु स्पष्ट गर्नुपर्छ। जनसमर्थनको दाबी छ भने जनताको वास्तविक जीवनमा त्यसको प्रभाव देखिनुपर्छ। केवल दाबीको पुनरावृत्तिले राजनीतिक सत्य निर्माण गर्दैन।

दाबीको सङ्ख्या बढ्दैमा सत्यको वजन बढ्दैन।

लेनिनवादी सङ्गठनात्मक दृष्टिकोणमा लोकतान्त्रिक केन्द्रीयता महत्त्वपूर्ण अवधारणा हो। यसको अर्थ न त अन्ध-अनुशासन हो, न त अराजक स्वतन्त्रता। यसको अर्थ विचारको बहस, सामूहिक निर्णय र निर्णयपछि सङ्गठनात्मक अनुशासनको सम्बन्ध हो। पार्टीभित्र बहस हुन सक्छ, तीखो मतभेद हुन सक्छ, आलोचना हुन सक्छ; तर त्यसलाई संस्थागत राजनीतिक प्रक्रियाभित्र राख्नुपर्छ। बहसको अधिकार र सङ्गठनात्मक जिम्मेवारी एकअर्काका विरोधी होइनन्। बरु सही अर्थमा लोकतान्त्रिक केन्द्रीयता यही द्वन्द्वात्मक सम्बन्धमा जीवित हुन्छ।

तर जब कसैले आफूलाई सङ्गठनभन्दा माथि राख्न थाल्छ, लोकतान्त्रिक केन्द्रीयता विकृत हुन्छ। सामूहिक निर्णयलाई आफ्नो अनुकूल व्याख्या गर्ने, असहमतिको अस्तित्व नै अस्वीकार गर्ने, आफ्नो समूहलाई सङ्गठनको पर्याय ठान्ने र आफ्नो राजनीतिक उपस्थितिलाई सङ्गठनको वैधतासँग बराबर राख्ने प्रवृत्ति जन्मिन्छ। त्यसपछि सङ्गठनमा केन्द्रीयता त बाँकी रहन सक्छ, तर लोकतान्त्रिकता हराउन सक्छ वा लोकतन्त्रको नाममा केन्द्रीय अनुशासन नै विघटन हुन सक्छ। दुवै अवस्थामा लेनिनवादी सङ्गठनात्मक चरित्र कमजोर हुन्छ।

विश्व कम्युनिस्ट आन्दोलनको इतिहासले यी प्रश्नलाई गम्भीर रूपमा बुझ्न सामग्री दिन्छ। सन् १९०३ को रुसी समाजवादी आन्दोलनको दोस्रो पार्टी कङ्ग्रेसपछि बोल्सेभिक र मेन्सेभिकबीच विकसित मतभेद केवल व्यक्तिगत सम्बन्धको समस्या थिएन। पार्टी सदस्यताको स्वरूप, सङ्गठनको चरित्र, रणनीति र क्रान्तिकारी पार्टी निर्माणको प्रश्नमा गम्भीर मतभेद थिए। लेनिनले त्यसलाई व्यक्तिगत असन्तुष्टिको तहमा सीमित गरेनन्, उनले सङ्गठनात्मक र राजनीतिक प्रश्नका रूपमा उठाए। त्यसबाट आजका कम्युनिस्टहरूले सिक्नुपर्ने कुरा सरल छ- विचारको अन्तरविरोधलाई व्यक्तिको प्रतिष्ठाको झगडामा रूपान्तरण नगर।

अन्तरविरोध आफैँमा रोग होइन। अन्तरविरोधको गलत व्यवस्थापन रोग हो।

चीनको कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि अन्तरविरोध र राजनीतिक सङ्घर्षले निर्णायक भूमिका खेलो। १९६६-१९७६ को सांस्कृतिक क्रान्ति त्यसको अत्यन्त जटिल उदाहरण हो। त्यस अवधिमा पार्टी, राज्य, बौद्धिक क्षेत्र र समाजमा तीव्र राजनीतिक सङ्घर्ष भयो। पछि चिनियाँ कम्युनिस्ट पार्टीले त्यस अवधिको औपचारिक मूल्याङ्कन गर्दै गम्भीर त्रुटिहरू स्वीकार गऱ्यो। यसको शिक्षा इतिहासलाई एउटै रङमा पोत्नमा होइन, क्रान्तिकारी उद्देश्य र राजनीतिक विधिबीचको सम्बन्ध बुझ्नमा छ। क्रान्तिको नाममा पनि सङ्गठनात्मक संरचना, सामूहिक निर्णय र संस्थागत अनुशासनको प्रश्न समाप्त हुँदैन।

सोभियत सङ्घको इतिहासमा लेनिनपछिको नेतृत्व, आर्थिक नीति, समाजवाद निर्माणको बाटो र पार्टीभित्रको राजनीतिक दिशाबारे भएका सङ्घर्षहरू पनि त्यत्तिकै शिक्षाप्रद छन्। स्टालिनपछिको अवधिमा अघिल्लो कालखण्डको पुनर्मूल्याङ्कन भयो। यी अनुभवहरूलाई सरल 'सही-गलत' को सूचीमा सीमित गरेर बुझ्नु ऐतिहासिक दृष्टिले कमजोर हुन्छ। तर एउटा शिक्षा निर्विवाद छ- क्रान्तिकारी आन्दोलनले आफ्नै अनुभवको आलोचनात्मक समीक्षा गर्न नसके त्यसले इतिहासबाट सिक्ने क्षमता गुमाउँछ।

यही प्रश्न आज नेपालको कम्युनिस्ट आन्दोलनका अगाडि पनि छ।

हामीले आफ्नो सङ्गठनभित्रका अन्तरविरोधलाई वैचारिक र राजनीतिक प्रश्नमा उठाउन सक्छौं कि सक्दैनौं? फरक मतलाई सुन्न सक्छौं कि सक्दैनौं? गलत निर्णय स्वीकार गर्न सक्छौं कि सक्दैनौं? नेतृत्वको आलोचनालाई सङ्गठनविरोधी गतिविधिको रूपमा मात्र हेर्छौं कि त्यसको राजनीतिक सार खोज्छौं? र सबैभन्दा महत्त्वपूर्ण- आफ्नो व्यक्तिगत प्रतिष्ठाभन्दा सङ्गठनको दीर्घकालीन राजनीतिक दिशालाई माथि राख्न सक्छौं कि सक्दैनौं?

यी प्रश्नबाट भागेर कुनै पनि कम्युनिस्ट सङ्गठन बलियो हुँदैन।

यहीं 'शिरच्छेदन'को रूपक आफ्नो सम्पूर्ण अर्थमा उपस्थित हुन्छ। व्यक्तिवादले अरूको राजनीतिक शिर काट्न खोजेको जस्तो देखिन्छ, तर वास्तवमा उसले आफ्नै राजनीतिक आधार काटिरहेको हुन्छ। पहिले सामूहिक विचार कमजोर हुन्छ। त्यसपछि आलोचनात्मक चेतना कमजोर हुन्छ। त्यसपछि सङ्गठनात्मक प्रक्रिया कमजोर हुन्छ। अन्ततः व्यक्तिको दाबी नै राजनीतिक अस्तित्वको मुख्य आधार बन्न पुग्छ।

त्यसपछि बाहिर पगरी रहन्छ, पद रहन्छ, भाषण रहन्छ, प्रचार रहन्छ, तर विचारको जीवित आधार कमजोर भइसकेको हुन्छ।

शिरच्छेदन गरिसकेपछि पगरी लगाउन सकिन्छ, तर पगरीभित्र विचार राख्न सकिँदैन।

यो रूपक केवल साहित्यिक सजावट होइन। यो व्यक्तिवादको राजनीतिक आत्मविरोध हो। जसले सङ्गठनको सामूहिक आधार कमजोर पारेर आफ्नो राजनीतिक उचाइ निर्माण गर्न खोज्छ, उसले अन्ततः आफू उभिएको जमिन नै कमजोर पारिरहेको हुन्छ। र, आफू भासिएको पत्तो नपाई अबिरजात्रा र विजयको सङ्केत गर्नु जस्ता कारण राजनीति केही समय अर्थहीन रोमाञ्चक देखिन सक्छ। आफ्नो पक्षको भिड देखिन्छ। आफ्नो प्रचारको आवाज सुनिन्छ। आफ्नो नाम चर्चामा आउँछ। विरोधीलाई पराजित गरेको भ्रम हुन्छ। तर क्रान्तिकारी राजनीति क्षणिक रोमाञ्चबाट मापन हुँदैन। इतिहासको लामो यात्रामा प्रश्न उठ्छ- जनता कहाँ छन्? वर्गीय सङ्घर्ष कहाँ छ? सङ्गठनको राजनीतिक शिक्षा कहाँ छ? उत्पादन र श्रमसँगको सम्बन्ध कहाँ छ? कार्यक्रम कहाँ छ? र सबैभन्दा ठूलो कुरा, व्यक्तिको उपस्थितिबिना पनि त्यो राजनीतिक धार आफ्नो सिद्धान्त र सङ्गठनका आधारमा उभिन सक्छ कि सक्दैन?

यदि उत्तर छैन भने त्यो शक्ति व्यक्तिको वरिपरि निर्मित संरचना हो, क्रान्तिकारी सङ्गठन होइन।

नेपाली राजनीतिमा गुटवादको प्रश्न पनि यहीं जोडिन्छ। गुट र वैचारिक धार एउटै कुरा होइन। वैचारिक धारले कार्यक्रम प्रस्तुत गर्छ, तर्क गर्छ, सङ्गठनभित्र बहस गर्छ, आफ्ना निष्कर्षलाई व्यवहारबाट परीक्षण गर्छ। गुटले भने धेरैपटक व्यक्तिको प्रभाव, पदको गणित र तात्कालिक शक्ति-सम्बन्धलाई केन्द्र बनाउँछ। त्यसैले हरेक विभाजनलाई 'वैचारिक विभाजन' भन्नु पनि सही होइन र हरेक मतभेदलाई 'गुटबन्दी' भन्नु पनि सही होइन। राजनीतिक चरित्र त्यसको उद्देश्य, प्रक्रिया, कार्यक्रम र व्यवहारबाट निर्धारण हुन्छ।

यही कारण आज नेपाली कम्युनिस्ट आन्दोलनले एउटा कठिन आत्मसमीक्षा गर्नुपर्ने बेला छ- हामी विचारका कारण विभाजित छौं कि आत्मकेन्द्रित व्यक्तिवादका कारण? हामी कार्यक्रमका कारण सङ्घर्षरत छौं कि पदका कारण? हामी वर्गीय दिशाका कारण असहमत छौं कि नेतृत्वको हिस्सेदारीका कारण?

यदि प्रश्नको उत्तर व्यक्तिको वरिपरि मात्र घुम्छ भने त्यहाँ व्यक्तिवादको खतरा गम्भीर छ।

कम्युनिस्ट आन्दोलनले जनताको वास्तविक जीवनतर्फ फर्किनुपर्छ। किसानको खेतमा, श्रमिकको कार्यस्थलमा, बेरोजगार युवाको पीडामा, वैदेशिक रोजगारीमा जान बाध्य परिवारको जीवनमा, महँगी र ऋणले थिचिएको घरमा, शिक्षा र स्वास्थ्यको असमान पहुँचमा—त्यहाँ राजनीति खोज्नुपर्छ। सामाजिक सञ्जालको पोस्टमा होइन, समाजको वास्तविक अन्तरविरोधमा क्रान्तिकारी कार्यक्रमको आधार खोजिनुपर्छ।

मार्क्सवाद भनेको संसारलाई केवल व्याख्या गर्ने सिद्धान्त होइन; त्यसलाई बदल्ने व्यावहारिक विज्ञान हो। त्यसैले विचार जनताको जीवनबाट अलग भयो भने त्यो पुस्तकमा बाँकी रहन्छ, आन्दोलनमा होइन।

आज आवश्यकता व्यक्तिको महिमा निर्माण गर्ने होइन, राजनीतिक चेतना निर्माण गर्ने हो। आफ्नो नाम स्थापित गर्ने होइन, सङ्गठनलाई स्थापित गर्ने हो। आफ्नो दाबी सही साबित गर्ने होइन, सही राजनीतिक दिशा निर्माण गर्ने हो। आलोचकलाई हराउने होइन, गलत प्रवृत्तिलाई परास्त गर्ने हो। आफ्नो गुट बलियो बनाउने होइन, श्रमिक वर्गको राजनीतिक शक्ति बलियो बनाउने हो।

क्रान्तिकारी इमानदारीको अर्थ कहिल्यै गल्ती नगर्नु होइन। गल्ती भएपछि त्यसलाई सही साबित गर्न सङ्गठन, सिद्धान्त र इतिहासलाई आफ्नो पक्षमा मोड्न नखोज्नु हो।

अन्ततः प्रश्न यही हो- कम्युनिस्ट राजनीति व्यक्तिको राजनीतिक करिअर बन्ने हो कि वर्गको मुक्ति आन्दोलन?

यदि पहिलो बाटो रोजियो भने पद आउँछ, पद जान्छ; गुट बन्छ, फुट्छ; प्रचार उठ्छ, सेलाउँछ; व्यक्ति आउँछ, जान्छ। तर यदि दोस्रो बाटो रोजियो भने सङ्गठनले व्यक्तिभन्दा लामो जीवन पाउँछ, विचारले प्रचारभन्दा गहिरो प्रभाव पार्छ र राजनीतिक सङ्घर्षले तत्कालीन रोमाञ्चभन्दा पर ऐतिहासिक अर्थ प्राप्त गर्छ।

त्यसैले आज नेपाली कम्युनिस्ट आन्दोलनका अगाडि चुनौती केवल बाह्य राजनीतिक शक्तिसँगको सङ्घर्ष होइन। चुनौती आफ्नै सङ्गठनभित्र जन्मिन सक्ने व्यक्तिवाद, अवसरवाद, गुटवाद र सिद्धान्तहीन व्यवहारविरुद्धको सङ्घर्ष पनि हो। बाहिरको वर्गशत्रु देख्न सजिलो हुन्छ; भित्रको व्यक्तिवादी प्रवृत्ति पहिचान गर्न कठिन हुन्छ। तर क्रान्तिकारी सङ्गठनले दुवैलाई पहिचान गर्न सक्नुपर्छ।

किनकि सङ्गठनको विघटन सधैं फुटको घोषणाबाट सुरु हुँदैन। कहिलेकाहीं त्यो विचारको क्षयबाट सुरु हुन्छ।

र, विचारको क्षय प्रायः त्यतिबेला सुरु हुन्छ, जब व्यक्ति आफूलाई विचारभन्दा ठूलो ठान्न थाल्छ।

त्यसैले 'विघटनको यात्रामा व्यक्तिवादी रोमाञ्च' केवल एउटा आलोचनात्मक शीर्षक होइन, यो सङ्गठनभित्रको एउटा ऐतिहासिक चेतावनी हो। व्यक्तिवादले आफूलाई जतिसुकै क्रान्तिकारी शब्दले सजाओस्, यदि त्यसको केन्द्र सामूहिक विचार होइन भने त्यसको दिशा अन्ततः विघटनतर्फ जान सक्छ।

पदले सङ्गठन बनाउँदैन। प्रचारले वर्गचेतना बनाउँदैन। गुटले क्रान्ति गर्दैन।

व्यक्तिगत दाबीले इतिहास लेख्दैन। विचारले दिशा दिन्छ, सङ्गठनले शक्ति दिन्छ, वर्गीय सङ्घर्षले त्यसलाई जीवन दिन्छ र जनताले त्यसको वास्तविकता परीक्षण गर्छन्।

त्यसैले अब कम्युनिस्ट आन्दोलनले एउटा कठोर छनोट गर्नुपर्छ- व्यक्तिको वरिपरि राजनीति कि विचारको वरिपरि सङ्गठन? गुटको वरिपरि शक्ति कि वर्गको वरिपरि सङ्घर्ष? भ्रामक प्रचारको रोमाञ्च कि यथार्थ र वास्तविक जीवन?

इतिहासको उत्तर स्पष्ट छ। जहाँ 'म'ले 'हामी'लाई विस्थापित गर्छ, त्यहाँ विघटनको बीउ रोपिन्छ।

जहाँ 'हामी'ले विचार, सङ्गठन र जनताको सामूहिक शक्तिलाई केन्द्रमा राख्छ, त्यहाँ पुनर्निर्माणको सम्भावना जन्मिन्छ।

र त्यसैले शिर बचाउन पगरीको आवश्यकता छैन, विचार बचाउन राजनीतिक इमानदारी, सङ्गठनात्मक अनुशासन र वर्गीय दृष्टि आवश्यक छ।

यहींबाट विघटनको यात्रालाई रोक्न सकिन्छ। यहींबाट व्यक्तिवादी रोमाञ्चको अन्त्य हुन्छ। र यहींबाट पुनः सामूहिक क्रान्तिकारी यात्राको सुरुवात हुन्छ।

त्यसैले क्रान्ति रोमाञ्च होइन, बलिदान हो, त्यसैले कुन वर्गसँग लड्दै छु भन्ने बुझौं। *(लेखक नेकपा बहुमतका नेता हुन्।)*

# कांग्रेस रूपान्तरणको प्रस्ताव

## गगनको राजनीतिक प्रतिवेदनमा पूर्वनिर्वाचन गठबन्धन नगर्ने, 'छाया सरकार' बनाउने र प्रधानमन्त्री दुई कार्यकालमा सीमित गर्ने प्रस्ताव



काठमाडौं १८ असोज । नेपाली कांग्रेसका सभापति गगन थापाले १५औँ महाधिवेशनमा पेस गर्न तयार पारेको राजनीतिक प्रतिवेदनमा पार्टीको राजनीतिक, वैचारिक, सांगठनिक र आर्थिक रूपान्तरणका लागि विभिन्न प्रस्ताव अघि सार्नुभएको छ। प्रतिवेदनमा कांग्रेसले पछिल्लो दुई दशकमा सत्ता, पद, गुट र पहुँचकेन्द्रित राजनीतिलाई प्राथमिकता दिँदा नागरिकसँग दूरी बढेको आत्मसमीक्षा गर्दै नयाँ राजनीतिक संस्कार र कार्यशैली विकास गर्नुपर्नेमा जोड दिइएको छ।

प्रतिवेदनमा भदौ २३ र २४ गते भएको आन्दोलन तथा त्यसपछिका राजनीतिक घटनाक्रमलाई षड्यन्त्रका रूपमा मात्र व्याख्या गरेर पन्छाउन नहुने उल्लेख छ। आन्दोलनले उठाएका सुशासन, अवसर, न्याय र समानताका मागलाई सम्बोधन गर्नुपर्ने तथा राज्यबाट भएको बल प्रयोग, हिंसा र जनधनको क्षतिको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही र पीडितलाई न्याय तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने प्रस्ताव गरिएको छ। फागुन २१ गतेको निर्वाचन परिणामलाई समेत कांग्रेस र नागरिकबीच बढेको लामो दूरीको परिणामका रूपमा आत्मसमीक्षा गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

निर्वाचनपछिको अवस्थामा कांग्रेसलाई प्रभावकारी प्रमुख प्रतिपक्षका रूपमा स्थापित गर्ने प्रस्ताव प्रतिवेदनमा छ। सरकारका कामको तथ्यमा आधारित निगरानी गर्ने, भ्रष्टाचार, अधिकार हनन र कुशासनविरुद्ध खबरदारी गर्ने तथा आलोचनासँगै वैकल्पिक नीति र राष्ट्रिय दिशा प्रस्तुत गर्ने उल्लेख छ। संघ र प्रदेश तहमा सरकारका मन्त्रालयको निगरानीका लागि 'छाया सरकार'को अभ्यास गर्ने प्रस्तावसमेत गरिएको छ।

आगामी निर्वाचनमा कुनै दलसँग पूर्वनिर्वाचन गठबन्धन नगर्ने र कांग्रेस आफ्नै चुनाव चिह्न, उम्मेदवार तथा एजेन्डासहित जनतामाझ जाने प्रस्ताव गरिएको छ। उम्मेदवार छनोटमा गुट, पहुँच र आर्थिक प्रभावभन्दा योग्यता, योगदान र कार्यसम्पादनलाई आधार बनाउनुपर्ने तथा प्राथमिक निर्वाचन, जनमत परीक्षण वा पार्टी सदस्यको प्रत्यक्ष मतदानजस्ता विधि अपनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

वैचारिक रूपमा राष्ट्रियता, लोकतन्त्र र लोकतान्त्रिक समाजवादलाई २१औं शताब्दीअनुकूल पुनर्व्याख्या गर्ने प्रस्ताव गरिएको छ। राष्ट्रियतालाई ऊर्जा, खाद्य, प्रविधि, वित्त र ज्ञानको राष्ट्रिय क्षमतासँग जोड्नुपर्ने तथा लोकतन्त्रलाई निर्वाचनमा मतदान गर्ने प्रक्रियामा मात्र सीमित नराखी नागरिकको निरन्तर सहभागिता र निर्णय प्रक्रियासम्म विस्तार गर्नुपर्नेमा जोड दिइएको छ।

'समुन्नत नेपाल, सम्मानित नेपाली'को अवधारणाअन्तर्गत आर्थिक वृद्धिलाई मात्र विकासको मापदण्ड नबनाई शिक्षा, स्वास्थ्य, पोषण, सीप, क्षमता र अवसरमा समान पहुँच सुनिश्चित गर्नुपर्ने प्रस्ताव छ। सुरुदेखि नै समान अवसर सिर्जना गर्ने 'पूर्ववितरणात्मक न्याय'को अवधारणालाई शिक्षा, स्वास्थ्य, सीप, वित्तीय पहुँच र रोजगारीसँग जोडिएको छ।

आर्थिक क्षेत्रमा निजी क्षेत्रलाई रोजगारी, उत्पादन, लगानी र नवप्रवर्तनको प्रमुख साझेदारका रूपमा स्थापित गर्ने प्रस्ताव गरिएको छ। लगानी सुरक्षा र नीतिगत स्थिरता कायम गर्दै व्यवसायमैत्री वातावरण निर्माण गर्ने, रेमिट्यान्सलाई कृषि, उद्योग, पर्यटन तथा प्रविधिमा लगानी गर्ने वातावरण बनाउने र जलविद्युत् तथा स्वच्छ ऊर्जालाई औद्योगिकीकरण तथा हरित निर्यातसँग जोड्ने योजना प्रतिवेदनमा छ।

युवाका लागि देशभित्रै सम्मानजनक रोजगारी सिर्जना गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित र अधिकारमुखी बनाउने तथा विदेशमा रहेका नेपालीको सामाजिक सुरक्षा र रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने प्रस्ताव गरिएको छ। जनसंख्या र बसाइँसराइको बदलिँदो स्वरूपअनुसार प्रशासनिक सीमाभन्दा नागरिक कहाँ बस्छन् र कहाँ सेवा आवश्यक छ भन्ने आधारमा विकास योजना बनाउनुपर्नेमा जोड दिइएको छ।

कृषि, ऊर्जा, पानी, पर्यटन, उद्योग र डिजिटल प्रविधिलाई उत्पादनमुखी अर्थतन्त्रको आधार बनाउने तथा जलवायु परिवर्तनलाई आर्थिक र राष्ट्रिय सुरक्षाको विषयका रूपमा लिएर पूर्वाधार, बस्ती र विकास योजनामा विपद् जोखिमलाई अनिवार्य रूपमा समेट्नुपर्ने प्रस्ताव गरिएको छ।

प्रविधि र कृत्रिम बौद्धिकताले रोजगारी, शिक्षा तथा ज्ञानको क्षेत्रमा ल्याउने परिवर्तनलाई ध्यानमा राख्दै शिक्षा र सीप प्रणाली पुनर्संरचना गर्ने प्रस्ताव छ। सामाजिक क्षेत्रमा जातीय विभेद, बालविवाह, लैंगिक हिंसा, कुपोषण, शिक्षा तथा स्वास्थ्यका समस्या सम्बोधनसँगै ज्येष्ठ नागरिक, बालबालिका, महिला तथा कमजोर वर्गको सामाजिक सुरक्षालाई प्राथमिकता दिने उल्लेख छ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय बढाउँदै प्रशासनिक तथा वित्तीय संघीयता बलियो बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। संविधान संशोधन आवश्यक भए राष्ट्रिय सहमतिका आधारमा गर्नुपर्ने तथा संक्रमणकालीन न्यायलाई राजनीतिक सौदाबाजीको विषय नबनाई सत्य, न्याय र परिपूरणसहित टुंग्याउनुपर्ने प्रस्ताव गरिएको छ।

पार्टीभित्र आर्थिक पारदर्शिता, नियमित लेखापरीक्षण र आचारसंहिता कडाइका साथ लागू गर्ने तथा भ्रष्टाचारको आरोप लागेका नेतामाथि छानबिन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। न्यायपालिका, संवैधानिक निकाय, विश्वविद्यालय तथा प्रशासनमा पार्टीगत भागबन्डा नगर्ने र आफ्ना नेता तथा कार्यकर्ताको भ्रष्टाचारलाई समेत संरक्षण नगर्ने प्रतिबद्धता प्रतिवेदनमा राखिएको छ। प्रधानमन्त्रीलाई दुई कार्यकालमा सीमित गर्ने संवैधानिक व्यवस्था, निर्वाचनमा 'माथिका कुनै पनि होइन' भन्ने विकल्प, विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार तथा निर्वाचन प्रणालीलाई थप सहभागीमूलक र पारदर्शी बनाउने प्रस्ताव पनि अघि सारिएको छ।

युवाको असन्तुष्टि र नयाँ पुस्ताका माग अध्ययन गर्न स्वतन्त्र युवा विज्ञ कार्यदल गठन गरी त्यसका सुझावलाई नीति निर्माणमा समेट्ने प्रस्ताव गरिएको छ। सहिद, घाइते तथा विस्थापित परिवारका लागि १० करोड रुपैयाँको अक्षयकोष स्थापना गरी शिक्षा र स्वास्थ्यमा दीर्घकालीन सहयोग गर्ने योजना पनि प्रतिवेदनमा समेटिएको छ।

थापाले कांग्रेसको संगठनलाई पाँच पुस्ताबीचको सहकार्यका आधारमा अघि बढाउने प्रस्ताव गर्नुभएको छ। नेतृत्व विकास तथा नीति निर्माणका लागि प्रशिक्षण, नीति, निर्वाचन र सुशासनसम्बन्धी संस्थागत संरचना निर्माण गर्ने, पहिलो १०० दिनमा पार्टीको विगत दुई दशकको राजनीतिक तथा सांगठनिक कार्यसम्पादन समीक्षा गर्ने र पहिलो वर्षमै प्रदेशगत कार्यदलमार्फत शिक्षा, पोषण, रोजगारी, सुशासन तथा हरित विकासका कार्यक्रम अघि बढाउने प्रस्ताव गरिएको छ।

प्रत्येक वर्ष 'समुन्नति प्रतिवेदन' सार्वजनिक गर्ने तथा पार्टीको राजनीतिक, सांगठनिक र आर्थिक कार्यशैलीमा नियमित समीक्षा गर्ने प्रस्तावसमेत प्रतिवेदनमा छ। समग्रमा थापाको राजनीतिक प्रतिवेदनले नेतृत्व परिवर्तनसँगै पार्टीको राजनीतिक संस्कार, संगठन, अर्थतन्त्र, रोजगारी, युवा, प्रविधि, सामाजिक सुरक्षा, संघीयता र सुशासनमा सुधारलाई कांग्रेसको आगामी कार्यदिशाका रूपमा अघि सारेको छ।

## सरकार.........

वर्ष चल्छ।"

लामिछानेले इतिहासलाई साक्षी राखेर वर्तमान सरकार गठन भएको दाबी गर्दै लोकतन्त्रको रक्षाका विषयमा चिन्ता नगर्न आग्रह गर्नुभयो। उहाँले दलहरू मिलेर अघि बढ्नुपर्नेमा जोड दिँदै पहिचान र अधिकारका मुद्दालाई स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आन्दोलनमार्फत सरकार ढाल्ने प्रयास गर्नुभन्दा लोकतान्त्रिक प्रक्रियाबाटै राजनीतिक परिवर्तन र सरकार निर्माणको बाटो रोज्नुपर्ने उहाँको भनाइ थियो। "लोकतन्त्रलाई निर्वाचनको माध्यमबाट मात्र बलियो बनाउन सकिन्छ," लामिछानेले भन्नुभयो।

उहाँले दलहरूबीच सहकार्य र संवादका माध्यमबाट अघि बढ्नुपर्ने बताउँदै राजनीतिक अस्थिरता सिर्जना गर्ने प्रयासभन्दा निर्वाचनमार्फत जनमतको सम्मान गर्नुपर्नेमा जोड दिनुभयो।

## कुटपिट......

अवस्थामा अपेक्षित सुधार नआएको उनले बताए ।

कौशलका अनुसार घटना भदौ १५ गते घटना भएको हो भने भदौ २५ गते इलाका प्रहरी कार्यालय सिंग्याही मडानमा जाहेरी दर्ता गरिएको थियो । तर, जाहेरी दर्ता भएको लामो समय बितिसक्दा पनि आरोपितहरू खुला रूपमा हिँडडुल गरिरहेको र प्रहरीले पक्राउ नगरेको उनको गुनासो छ । उनले प्रहरीकै मिलेमतोमा आरोपितहरूलाई पक्राउ नगरिएको आरोपसमेत लगाए ।

'मैले आठ कट्ठाभन्दा बढी जग्गा बिक्री गरेको थिएँ। सोही जग्गाको नाप(नक्सा गर्न बोलाइएको बेला मेरो छोरा चन्द्रिका कौशलमाथि निर्घात कुटपिट भयो,' शिवकुमारले भने, 'गाउँमै उपचार सम्भव नभएपछि धनुषाको रमदैया रहेको जानकी मेडिकल कलेजमा उपचार गराइरहेका छौँ। उपचार गराउँदा पनि हालसम्म पूर्ण रूपमा निको भएको छैन ।'

उनका अनुसार लामो समयदेखि जग्गासम्बन्धी विवाद रहँदै आएको थियो । विवाद समाधानका लागि गाउँका भद्रभलाद्मी तथा स्थानीय प्रतिनिधिको रोहवरमा छलफल गर्ने सहमति भएको थियो। सोही क्रममा विवाद बढेपछि आफू र छोरामाथि कुटपिट भएको उनले बताए ।

कौशलले कुटपिटबाट आफूलाई हात, पाखुरा, टाउको र कानलगायतका भागमा चोट लागेको तथा छोरा चन्द्रिका गम्भीर घाइते भएको दाबी गरे ।

पीडित पक्षले घटनामा संलग्न भनिएका व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही गरी आफू र छोरालाई न्याय दिलाउन माग गरेको छ। घटनासम्बन्धी मेडिकल कागजात तथा अन्य प्रमाणसमेत प्रहरीमा पेस गरिएको उनीहरूको भनाइ छ।

## जनकपुरमा....

ट्राफिक प्रहरीले एकतर्फी सडकको नियम उल्लङ्घन नगर्न, सडक तथा फुटपाथ अवरुद्ध हुने गरी सवारी पार्किङ नगर्न तथा ट्राफिक व्यवस्थापनमा सहयोग गर्न सबैमा आग्रह गरेको छ।

जनकपुरधामको मुख्य बजार क्षेत्रमा पछिल्लो समय बढ्दै गएको सवारी चापका कारण ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको अवस्थामा लागू गरिएको नयाँ व्यवस्थाले सवारी आवागमन सहज हुने अपेक्षा गरिएको छ।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, २४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३२४

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ९६० किलो चकलेटसहित ६ नेपाली पक्राउ

## भारतबाट नेपालतर्फ साइकलमा चकलेट ल्याउँदै गर्दा एसएसबीको नियन्त्रणमा



दैनिक समाचारदाता
बारा, १८ असोज । भारत(नेपाल सीमामा अवैध ओसारपसार नियन्त्रणका क्रममा भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले ९६० किलो चकलेटसहित ६ जना नेपाली नागरिकलाई पक्राउ गरेको छ ।

बारासँग सीमा जोडिएको भारतको नायकटोला गाउँनजिक शनिबार साँझ एसएसबीको ७१औँ वाहिनीअन्तर्गत ई(कम्पनी बीओपी नायकटोलाबाट खटिएको टोलीले विशेष सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।एसएसबीका अनुसार नेपालबाट साइकलमा सामान लिएर भारत प्रवेश गरेका उनीहरू पुनः नेपालतर्फ फर्किँदै गर्दा शंकास्पद गतिविधि देखिएपछि निगरानी गरिएको थियो । टोलीले उनीहरूलाई रोकेर तलासी गर्दा ६ वटा साइकलमा लोड गरिएको २४ बोरा चकलेट बरामद गरेको जनाएको छ ।

बरामद चकलेटको कुल तौल ९६० किलो रहेको एसएसबीले जनाएको छ ।

पक्राउ पर्नेमा बाराको कलैया उपमहानगरपालिका(मटिअर्वाका ४० वर्षीय राजु महतो, ४८ वर्षीय रामानन्द महतो, ४५ वर्षीय सुरेन्द्र महतो, ४७ वर्षीय रामप्रवेश मण्डल, ४५ वर्षीय महेन्द्र महतो र २२ वर्षीय विकासकुमार मण्डल रहेका छन् ।

एसएसबीले उनीहरू भारतबाट अवैध रूपमा चकलेट नेपालतर्फ लैजाँदै गरेको अवस्थामा पक्राउ गरिएको जनाएको छ । पक्राउ परेका व्यक्ति, चकलेट तथा साइकललाई आवश्यक कानुनी कारबाहीका लागि मोतिहारीस्थित भन्सार कार्यालयमा बुझाइएको एसएसबीले जनाएको छ ।

सीमा क्षेत्रमा हुने अवैध ओसारपसार नियन्त्रणका लागि निगरानी तथा गस्तीलाई थप प्रभावकारी बनाइएको एसएसबीको भनाइ छ।

# गंगासागर छठ समितिको अध्यक्षमा लालदास

दैनिक समाचारदाता
जनकपुरधाम, १८ असोज । जनकपुरधामस्थित श्री गंगासागर छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित भएका छन् ।

समितिको नयाँ कार्यसमिति चयनका लागि असोज १७ गते भएको निर्वाचनमा लालदासले १९ मत प्राप्त गर्दै अध्यक्ष पदमा विजयी भएका हुन् । अध्यक्ष पदका उम्मेदवार सोनु निधिले १४ र कमलेश दासले ४ मत प्राप्त गरेका थिए ।

त्यस्तै, उपाध्यक्षमा रामचन्द्र साह २२ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी सन्तोषकुमार गुप्ताले १४ मत प्राप्त गरेका थिए ।

सहसचिव पदमा महेश खत्वे २५ मत प्राप्त गरी निर्वाचित भएका छन् भने मनोज झाले १६ मत पाएका थिए ।

कोषाध्यक्ष पदमा राजकुमार साह र शिवूलाल दासले समान १८(१८ मत प्राप्त गरेपछि उक्त पदका लागि पुनः निर्वाचन हुने भएको समितिले जनाएको छ ।

सचिव पदमा मोहन राय निर्वाचित भएका छन् । सदस्यमा बसन्त वाग्ले, केशव शर्मा, महेन्द्र खत्वे र मण्डल निर्वाचित भएको जनाइएको छ ।

समितिको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनमा विभिन्न पदमा प्रतिस्पर्धा भएको थियो । निर्वाचित पदाधिकारीले गंगासागर छठ घाटको व्यवस्थापन तथा छठ पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

# करेतको डसाइले खोस्यो सहारा

## श्रीमान्को मृत्युपछि छ सन्तानको जिम्मेवारी एक्लै काँधमा, पढाइ रोकियो, दुई छाक टार्नै मुस्किल



दैनिक समाचारदाता
सप्तरी), १८ असोज । रातको समय थियो । कञ्चनरूप नगरपालिका(९ रघुनाथपुरका ३८ वर्षीय मो. बसिर परिवारसँगै सुतिरहेका थिए । अचानक उनी चिच्याएपछि परिवारका सदस्य झसङ्ग हुँदै उठे । ओछ्यानबाट सर्प भाग्दै गरेको देखेपछि मात्र बसिरलाई सर्पले डसेको थाहा भयो ।

विषालु करेत सर्पले डसेपछि परिवारले उपचारका लागि अस्पताल लैजान मोटरसाइकल खोज्न थाले । तर, मोटरसाइकलको व्यवस्था गर्दागर्दै बितेको करिब आधा घण्टा बसिरका लागि जीवनकै अन्तिम समय बन्यो । करिब सात किलोमिटर टाढा रहेको कञ्चनपुर अस्पताल पुऱ्याउनुअघि नै उनको मृत्यु भइसकेको थियो ।

आठ दिनअघि भएको उक्त घटनाले बसिरको विपन्न परिवारलाई शोकमा मात्र डुबाएको छैन, उनकी श्रीमतीसहित छ जना नाबालक सन्तानको भविष्यसमेत अन्योलमा पारेको छ ।

बसिरको मृत्युपछि ३२ वर्षीया श्रीमती खैरुल खातुनमाथि परिवारको सम्पूर्ण जिम्मेवारी आइपरेको छ । अर्काको घर र खेतबारीमा ज्याला मजदुरी गरेर परिवारको गुजारा चलाउँदै आएका बसिर नै घरका मुख्य कमाउने व्यक्ति थिए । उनको मृत्यु भएपछि खैरुल र उनका छ सन्तानको दैनिकी कठिन बनेको छ ।

“सुतेकै ठाउँमा करेतले पिठ्युँमा टोकेको थियो । टोकेको ठाउँमा रगतसमेत देखिएको थियो,” श्रीमान्को मृत्यु सम्झँदै खैरुलले आँसु झार्दै भन्नुभयो ।

खैरुलका १५ वर्षीया आसमा, १३ वर्षीया मरियम, ११ वर्षीया नाजो, आठ वर्षीया इलिना, छ वर्षीया फतमा र चार वर्षीय छोरा नसिर छन् । ऐलानी जग्गामा टिनको छानो भएको सानो झुप्रोमा बस्दै आएको यो परिवारका लागि अहिले दुई छाक खाना जुटाउनु नै ठूलो चुनौती बनेको छ । “मागेर ल्याएको खानेकुराले अहिले आफू र छोराछोरीको पेट पालिरहेकी छु,” खैरुलले भन्नुभयो ।

स्थानीय समाजसेवी मो. उमरका अनुसार बसिरको परिवार अत्यन्त विपन्न अवस्थामा छ । परिवारको एकमात्र कमाउने सदस्यको मृत्यु भएपछि अवस्था झन् दयनीय बनेको उहाँले बताउनुभयो ।

बसिरको मृत्युपछि उनका छ वटै सन्तानको पढाइसमेत रोकिएको छ । उनीहरू टोलकै मदरसामा अध्ययन गर्दै आएका थिए । बाबुको मृत्यु भएपछि किताब(कापीभन्दा दैनिक खानाको चिन्ता ठूलो बनेको खैरुल बताउनुहुन्छ ।

छोरीहरूलाई पढाएर केही बनाउने र छोराको भविष्य सुरक्षित गर्ने सपना देखेकी खैरुल अहिले आफ्ना सन्तानको भविष्य कसरी सुरक्षित गर्ने भन्ने चिन्तामा हुनुहुन्छ । पाँच छोरीपछि छोरा जन्मिएपछि परिवारमा खुसी छाएको भए पनि श्रीमान्को अकस्मात् निधनले त्यो खुसी शोकमा परिणत भएको उहाँले बताउनुभयो ।

“पाँच छोरीपछि छोरा जन्मिँदा घरमा खुसी छाएको थियो । अहिले श्रीमान्को मृत्युपछि पूरै परिवार शोकमा डुबेको छ । बालबच्चाको भविष्य सम्झँदा डर लाग्छ,” खैरुलले भन्नुभयो ।

पीडित परिवारको अवस्थाबारे जानकारी पाएपछि स्थानीय समाजसेवी उमरले सहयोगका लागि पहल गर्नुभएको छ । उहाँको पहलमा विराटनगरस्थित पारस अस्पतालले परिवारलाई करिब तीन महिनाका लागि पुग्ने खाद्यान्न उपलब्ध गराएको छ । अस्पतालका डा. मो. सफिउर रहमानको नेतृत्वमा आएको टोलीले पीडित परिवारको घरमै पुगेर खाद्यान्न हस्तान्तरण गरेको हो । राहत हस्तान्तरण गर्दै डा. रहमानले परिवारका सदस्य बिरामी परेमा पाँच वर्षसम्म अस्पतालमा निःशुल्क स्वास्थ्य उपचार उपलब्ध गराउने घोषणा गर्नुभयो ।

तर, केही महिनाका लागि प्राप्त खाद्यान्न र स्वास्थ्य उपचारको आश्वासनले मात्र परिवारको दीर्घकालीन समस्या समाधान हुने अवस्था छैन । श्रीमान्को मृत्युपछि खैरुलका लागि छ सन्तानको पेट भर्नु, उनीहरूको रोकिएको पढाइलाई निरन्तरता दिनु र सुरक्षित भविष्य सुनिश्चित गर्नु ठूलो चुनौती बनेको छ ।

“अब म पनि अर्काको घर र खेतबारीमा मजदुरी गर्छु । तर, छ जना बच्चालाई कसरी पाल्ने, कसरी पढाउने ?” खैरुलले प्रश्न गर्दै सहयोगका लागि अपिल गर्नुभएको छ ।

# सर्लाहीमा हात्ती मृत फेला

## सुँढलगायत शरीरमा चोट, घटनास्थलमा वन कार्यालयको टोली पुग्यो



दैनिक समाचारदाता
सर्लाही, १८ असोज । सर्लाहीको बागमती नगरपालिका(४ परबलबारीमा आइतबार बिहान भाले हात्ती मृत अवस्थामा फेला परेको छ ।

बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाका अनुसार ब्रह्मबाबा सामुदायिक वन नजिकै हात्ती मृत अवस्थामा फेला परेको हो । मृत हात्तीको सुँढलगायत शरीरका केही भागमा चोटपटक देखिएको उनले जानकारी दिए ।

हात्ती मृत अवस्थामा फेला परेको जानकारी पाएपछि सवडिभिजन वन कार्यालय मूर्तियाको टोली घटनास्थलतर्फ गएको डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख विनोद सिंहले बताए ।

स्थानीयवासीका अनुसार शनिबार राति करिब ८ बजेतिर बस्ती नजिकै अचानक हात्ती देखिएको थियो । त्यसपछि बिहान सोही हात्ती मृत अवस्थामा फेला परेको हो ।

हात्तीको मृत्युको कारण भने खुल्न सकेको छैन । घटनास्थलमा पुगेको वन कार्यालयको टोलीले आवश्यक अनुसन्धान तथा परीक्षणपछि मृत्युको कारणबारे यकिन गर्ने जनाइएको छ ।

सर्लाहीका विभिन्न क्षेत्रमा नजिकैका वन क्षेत्र तथा वन्यजन्तु आरक्ष र निकुञ्जबाट हात्ती आउने गरेका छन् । पछिल्लो समय बस्ती आसपास हात्ती देखिन थालेपछि स्थानीयवासीमा त्राससमेत बढेको छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४